नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : nepemuae@emirates.net.ae
Website: www.nepalembassyuae.org

EMBASSY OF NEPAL ABU DHABI, U.A.E.

*Ref.*

# विज्ञप्ति

संयुक्त अरब इमिरेट्स (युएइ) लगायत तेस्रो मुलुकमा आकर्षक तलब सुविधाको प्रलोभन देखाई भ्रम सिर्जना गरी भिजिट वा अन्य भिसामा ल्याई ठग्ने र आधिकारिक निकायबाट सत्यतथ्य नबुझी गलत सूचना र प्रलोभनमा परी ठगिने क्रम केही समययता बढेको देखिन्छ । यसरी वैदेशिक रोजगारी तथा अन्य उद्देश्यले विदेश पठाउने नाममा हुने गरेका ठगीसम्बन्धी निवेदनहरू यस राजदूतावासमा प्राप्त हुने गरेका छन् ।

हालै नेपालस्थित एक मेनपावर कम्पनीमा काम गर्ने व्यक्तिले मिति २०७६।०८।०८ मा बेलायत लैजाने प्रलोभनमा पारी जनही नौ लाख रूपैयाँ लिई हाल युएइमा रहेका एक व्यक्तिको जिम्मा लगाएको, तर यूएइ आएपछि बेलायत पठाउन नसकिने भन्दै युएइमै राम्रो रोजगारीमा लगाईदिने भनी पासपोर्ट र अन्य कागजात समेत सो व्यक्तिले लिएको, तर उक्त रोजगारीको लागि तयार अफर लेटर र भिसा समेत नक्कली भएको जानकारी पाएपश्चात् नेपाल फर्कन आफ्नो पासपोर्ट माग्दा निज व्यक्तिले पासपोर्ट लिन बोलाई सांघातिक हमला गर्न लगाएको, पासपोर्ट भने नदिएको र आफू ठगीमा परेको बेहोराको निवेदन यस राजदूतावासमा प्राप्त भएको छ ।

यस किसिमका ठगी कार्यमा संलग्न नहुन सम्बन्धित सबैलाई अनुरोध गर्दै यस्ता क्रियाकलापमा संलग्न हुने जोकोहीलाई प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैलाई सचेत गराईन्छ । साथै वैदेशिक रोजगारमा आउँदा आधिकारिक निकायहरुबाट सत्यतथ्य बुझी प्रचलित कानुन बमोजिम नेपाल सरकारबाट श्रम स्वीकृति लिएर मात्रै आउनुहुन अनुरोध गरिन्छ ।

नेपाली राजदूतावास, अबुधाबी
२०७७ श्रावण २८ गते ।